# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।१०।२४ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला कपिलबस्तु शिवराज नगरपालिका वडा नं. ११ स्थित नव प्रगतिशील बहुउद्देश्यीय कृषक समूहका नाममा दुर्गा प्रसाद खनालले बाख्रापालन कार्यक्रमको लागि सरकारी अनुदान रकमको कुनै काम नै नगरी भुक्तानी दिए/लिएको भन्ने उजुरी सम्बन्धमा अनुसन्धान हुँदा नव प्रगतिशील बहुउद्देश्यीय कृषक समूहका अध्यक्ष दुर्गा प्रसाद खनाल, उक्त समूहका सचिव उमेश चौधरीसमेत र भेटेरिनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र, कपिलबस्तुबाट अनुगमका लागि खटिगएका पशु चिकित्सक डा. रुप नारायण श्रेष्ठ, पशु विकास अधिकृत डा. सोहन गुप्ता र सुरेन्द्र प्रसाद भुज तथा ई. बिबेक कुमार गुप्ताले एक आपसमा मिलेमतो गरी हुँदै नभएको कुराको स्थलगत रुपमा निरीक्षण तथा नापजाँच गरेको भनी गलत एवं झुठ्ठा कार्य सम्पन्न मूल्याङ्कन फाराम लगायतका कागजातहरु बनाई नेपाल सरकारबाट नव प्रगतिशील बहुउद्देश्यीय कृषक समूह, कपिलबस्तुलाई बाख्रापालन कार्यक्रमको लागि प्राप्त भएको अनुदान रकम रु. ६,००,०००।– (छ लाख) को कुनै काम नगरी भुक्तानी लिई दिई सरकारी रकम हिनामिना गरी नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याई प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को भ्रष्टाचारजन्य कार्य गरेको स-प्रमाण पुष्टि हुन आएकोले देहायका आरोपितहरुलाई देहाय बमोजिमको कसुरमा सजायको मागदाबी लिइएको छ ।

(क) भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, कपिलबस्तुका मत्स्य विकास अधिकृत सुरेन्द्र प्रसाद भुज, पशु चिकित्सक डा. रुप नारायण श्रेष्ठ र पशु विकास अधिकृत डा. सोहन गुप्ताले नव प्रगतिशील बहुउद्देश्यीय कृषक समूहबाट खोर निर्माण तथा बाख्रा खरिद कार्यको निरीक्षण तथा जाँचबुझ गरी सो कार्य यथार्थ प्रतिवेदन दिनुपर्ने कर्तब्यवाला कर्मचारी भएकोमा सो बमोजिमको प्रतिवेदन नदिई समूहले बाख्रा खरिद नै नगरेको, खोर निर्माण पनि नगरेको अवस्थामा खोर निर्माण कार्य तथा बाख्रासमेत खरिद गरेकोले अनुदान रकम भुक्तानी दिन उपयुक्त देखिन्छ भनी गलत प्रतिवेदन दिएको पुष्टि भएको र सो प्रतिवेदनको आधारमा हुदै नभएको कामको लागि रु. ६,००,०००।– भुक्तानी भई नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याएकोले निजहरुको सो कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) र दफा १७ बमोजिमको कसुर भएकोले निजहरु सुरेन्द्र प्रसाद भुज, डा. रुप नारायण श्रेष्ठ र डा. सोहन गुप्तालाई नेपाल सरकारको हानिनोक्सानी भएको रु. ६,००,०००।– बिगो कायम गरी निजहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) र सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ङ) बमोजिम सजाय गरी हानिनोक्सानी भएको बिगो रु. ६,००,०००।– सोही ऐनको दफा १७ बमोजिम असुल उपर हुन मागदाबी लिइएको छ।

(ख) नव प्रगतिशील बहुउद्देश्यीय कृषक समहुका अध्यक्ष दुर्गा प्रसाद खनाल र सोही समूहका सचिव उमेश चौधरीले समूहको बैठकको गलत निर्णय तयार गरी खोर निर्माण गरी बाख्रासमेत पालन गरेको भनी झुट्ठा विवरण र बिल भरपाईहरु बनाई भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा पेश गरी, निजहरु दुई जनाको मात्र हस्ताक्षर चल्ने सयुक्त बैंक खातामा रु. ६,००,०००।— रकम भुक्तानी लिई सरकारी अनुदान रकम हिनामिना गरी आफूलाई गैरकानूनी लाभ र नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याउने कार्य निज दुर्गा प्रसाद खनाल र उमेश चौधरीले गरेकोले उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुर भए गरेको निर्विवाद रुपमा पुष्टि भएकोले हानिनोक्सानी गरेको बिगो रु. ६,००,०००।— कायम गरी निजहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी उक्त बिगो असुल उपर हुन मागदाबी लिइएको छ ।

(ग) हरि ओम इन्जिनियरिङ कन्सल्टेन्सिका ई. बिबेक कुमार गुप्ताले कार्य सम्पन्न मूल्याङ्कन फाराम, खर्चको तेरिज र भुक्तानी दिने बिलहरु लगायतका कागजातहरु समूहका अध्यक्ष दुर्गा प्रसाद खनालसँगको मिलेमतोमा स्थलगत रुपमा निरीक्षण तथा नापजाँच एवं निर्माण सम्पन्न भए गरेको छ छैन समेत नहेरी दुर्गा प्रसाद खनालबाट आर्थिक लाभ रु. १०,०००।— (दश हजार) लिएर आफ्नै कन्सल्टेन्सिमा बसी गलत प्रकारको लिखत तयार गरिदिई निज ई. बिबेक गुप्ताले सरकारी अनुदान रकम लिनखान सघाउ पुऱ्याई निजले दुर्गा प्रसाद खनाल र उमेश चौधरीलाई सघाई मतियारको भूमिका निर्वाह गरेकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) को कसुरको मतियार हुने कसुर गरेकोले सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम सजाय हुन मागदाबी लिईआज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

प्रवक्ता
प्रदीपकुमार कोइराला